नगरसभाको बैठकका निर्णयहरु

निर्णय नं. १ बेनी नगरपालिका नगर कार्यपालिकाको मिति २०८३/०३/०७ गतेको बैठकबाट पारित भई सभामा पेश भएको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम नगरसभाको बैठकमा छलफल भएकोले सो नीति तथा कार्यक्रमलाई सर्वसम्मतिले पारित गर्ने ।

निर्णय नं. २ बेनी नगरपालिका नगर कार्यपालिकाको मिति २०८३/०३/०७ गतेको बैठकबाट पारित भई सभामा पेश भएको बेनी नगरपालिकाको आर्थिक विधेयक, २०८३ नगरसभाको बैठकमा छलफल भएकोले सो विधेयकलाई सर्वसम्मतिले पारित गर्ने ।

निर्णय नं. ३ बेनी नगरपालिका नगर कार्यपालिकाको मिति २०८३/०३/०७ गतेको बैठकबाट पारित भई सभामा पेश भएको बेनी नगरपालिकाको विनियोजन विधेयक, २०८३ नगरसभाको बैठकमा छलफल भएकोले सो विधेयकलाई सर्वसम्मतिले पारित गर्ने ।

निर्णय नं. ४ बेनी नगरपालिका नगर कार्यपालिकाको मिति २०८३/०३/०७ गतेको बैठकबाट पारित भई सभामा पेश भएको वार्षिक बजेट तथा कार्यक्रम र नगरपालिकाको मध्यमकालीन खर्च संरचना नगर सभाको बैठकमा छलफल भयो ।सभामा छलफल गरिएका अनुसूची १ मा समावेश योजना तथा कार्यक्रम र बजेट सर्वसम्मतिले पारित गर्ने । -

निर्णय नं. ५ बेनी नगरपालिकाको न्यायिक समितिले यस आर्थिक वर्षमा हाल सम्म सम्पादन गरेका कार्य सहितको वार्षिक प्रतिवेदन सभामा पेश भई छलफल गरियो ।सभामा सदस्यहरुले उठाउनुभएका विषयहरुलाई समेत मनन गर्दै न्यायिक समितिको कार्यसम्पादनलाई अझै अब्बल बनाउने ।

निर्णय नं. ६ नगरसभाको लेखा समिति, विधायन समिति र सुशासन समितिले पेश गरेको प्रतिवेदन माथि सभामा छलफल गरियो । सभामा उठेका विषयहरुलाई मनन गर्दै कार्यपालिका र मातहतका निकायहरुले गर्ने खर्चमा मितव्ययितता, बेरुजु न्यूनीकरण, नगरपालिकाका लागि आवश्यक कानूनहरु तर्जुमा तथा सबै क्षेत्रमा सुशासन प्रवर्धन गर्दै नगरपालिका प्रतिको नागरिक विश्वासलाई थप सुदृढ बनाउने ।

निर्णय नं. ७ मेलमिलापकर्ताको विद्यमान सूचीलाई आ.व. २०८३/८४ को लागि समेत अद्यावधिक गरी उपयोग गर्ने ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

निर्णय नं. ८ बेनी नगर कार्यपालिकाको कार्यालय मातहतको पाल्लेखेत स्वास्थ्य चौकीमा कार्य गरी राजिनामा दिई सेवा निवृत्त हुनु भएका अ.न.मी. (सहायकस्तर चौथो तह) श्री सन्ध्या शर्माको सेवा सुविधाका सम्बन्धमा अघिल्लो नगर सभामा निर्णय भएकोमा औषधी उपचार खर्च बापतको रकम छुट भएकोमा उक्त छुट भएको रकम समेत नियमानुसार भुक्तानी भई सकेकोले कर्मचारी कल्याण कोषबाट भएको सो भुक्तानी अनुमोदन गर्ने ।

निर्णय नं. ९ बेनी नगरपालिकाको चालु आर्थिक वर्ष २०८२।८३ को विभिन्न खर्च शिर्षकमा विनियोजन भएको रकमलाई रकमान्तर गरी बजेट कार्यान्वयनलाई गति दिन आवश्यक देखिएकोले देहायबमोजिम गर्ने ।

क) देहायका योजनाहरुमा विनियोजन गरिएको बजेटबाट निम्नानुसार बमोजिम रकमान्तर गरी योजनाको दायित्व भुक्तानी गर्ने ।

| क्र.सं. | रकमान्तर गरी रकम घटाउनु पर्ने योजना | | रकमान्तर गरी रकम थप गर्नुपर्ने योजना | |
|---|---|---|---|---|
| | योजनाको नाम | रकम (रु) | योजनाको नाम | रकम (रु) |
| १ | लम्हिहिल पर्यटन पूर्वाधार | २५,००,००० | रावण (रामायण) पार्क/पौलत्स्य ऋषि पार्क दायित्व भुक्तानी | ७८,५०,००० |
| २ | सरसफाई केन्द्र व्यवस्थापन | २४,००,००० | | |
| ३ | जिल्ला प्रहरी कार्यालय पुस्तकालय भवन निर्माण | १२,५०,००० | | |
| ४ | तल्लो सिंगा देखि कुना ताल सम्म पिच | १२,००,००० | | |
| ५ | कार्यालय मर्मत, सम्भार तथा सुधार | ५,००,००० | | |
| ६ | शान्ति पार्क परियोजना | २२,५८,४३० | बृहत घोप्टेखोला खानेपानी आयोजना दायित्व भुक्तानी | ३५,१६,८६३.९२ |
| ७ | संघीय सरकार समपुरक साझेदारी बेनी पुलाचौर टोडके सडक | ४,००,००० | | |
| ८ | पूँजीगत परामर्श खर्च | ८,५८,४३३.९२ | | |

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

ख) चालु आ.व. मा सञ्चार शिर्षक लगायत अन्य केही शिर्षकमा विनियोजित रकम अपुग हुने देखिएकोले चालु खर्च शिर्षकमा रहेका अन्य शिर्षकबाट रकमान्तर गरी अनिवार्य दायित्वको भुक्तानी गर्ने ।

निर्णय नं. १० बेनी नगरपालिका वडा नं. ५ स्थित पौलत्स्य पुलह आश्रम क्षेत्रमा संस्कृति, पर्यटन तथा नागरिक उडययन मन्त्रालय र यस बेनी नगरपालिकाको साझेदारीमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम अन्तर्गत ठेक्का सम्झौता भई निर्माण सम्पन्न भएको रावण (रामायण) पार्क निर्माण योजनाको संघीय सरकार तर्फ र नगरपालिका तर्फको दायित्व भुक्तानी तथा पार्कको नाम पुनरावलोकन सम्बन्धमा नगर कार्यपालिकाको मिति २०८३/०३/०७ गतेको बैठकको "पौलत्स्य ऋषि पार्क कायम गर्ने" सम्बन्धी निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. ११ कार्यालयको नियमित कामका बाबजुद पनि नगरसभाको १९ औं अधिवेशन र सभाको समग्र काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सम्पन्न गर्न अहोरात्र खटिने नगरसभा सचिवालयका कर्मचारीहरुलाई धन्यवाद दिनुका साथै आगामी दिनमा यस्तै उर्जाका साथ काम गर्नका लागि थप प्रोत्साहन गर्ने ।साथै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सभाको काम कारबाहीमा संलग्न हुने सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्ने ।

निर्णय नं. १२ चालु आर्थिक वर्षमा वडासमितिको निर्णय, नगर प्रमुखको तोक आदेश तथा नगर कार्यपालिकाको निर्णयबाट विपन्न नागरिकलाई प्रदान गरिएका आर्थिक सहायता तथा विपद् व्यवस्थापनका क्रममा निर्णय भई कार्यान्वयन भएका आयोजना तथा कार्यक्रम र राहत स्वरुप भुक्तानी गरिएका रकमहरु अनुमोदन गर्ने ।साथै चालु आ.व.को बाँकी अवधिमा आवश्यकता र औचित्यताका आधारमा हुने यस प्रकृतिका कार्यमा हुने खर्चहरुको अनुमोदन गर्न नगर कार्यपालिका बैठकले गर्ने गरी जिम्मा दिने ।

निर्णय नं. १३ नगर सभाबाट निर्णय गर्नुपर्ने कुनै विषयमा तत्काल नगर सभा बसी निर्णय गर्न नसक्ने अवस्थामा नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी तत्कालको बाधा अड्काउ फुकाउन सक्ने गरी नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. १४ यस आर्थिक वर्षमा नगर कार्यपालिकाको बैठकबाट गरिएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने ।

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

[redacted]